# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड १) पाडुडाँडा, दोलखा, ३ नं. प्रदेश, नेपाल जेष्ठ २३ गते २०७५ (संख्या २**

## <u>भाग १</u>

**विनियोजन एन २०७४**

**(गाउँ सभाबाट पारित)**

(गाउँसभाबाट स्वीकृत मिति  २०७४।३।३०)

**<u>प्रस्तावना :</u>** बैतेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२९ को उप-धारा(२) बमोजिम बैतेश्वर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**<u>१.संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम□बैतेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७४□रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२.आर्थिक बर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u>**

(१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २४,१४,५६,८९० (अक्षेरुपी चौविस करोड चौध लाख छपन्न हजार आठ सय नब्बे रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त बैतेश्वर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) म जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकहरुबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीषर्कहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

(४) आगामी आर्थिक वर्ष २०७४।७५ देखी संघीय सभाबाट र प्रदेश सभाबाट अर्को ऐन तर्जुमा नभए सम्मको लागि गाउँसभा, गाँउ कार्यपालिका र वडा समितिको बैठकमा सहभागी भए बापत सबै पदाधिकारीहरुलाई प्रति बैठक रु. १,०००।- का दरले गाउँपालिको आन्तरिक श्रोतबाट उपलब्ध गराउने । तर वडा समितिको बैठक महिनामा ३ पटक भन्दा बढी बसेमा ३ वटा बैठकको मात्र भत्ता उपलब्ध गराउने ।

अनुसुचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु .हजारमा

| **क.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पुँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | | | | | |
| ३ | | कार्यालय संचालन | ३४०६३ | १६३०० | | ५०३६३ |
| ४ | | कार्यक्रम खर्च | | १०४८२० | | १०४८२० |
| ५ | | सशर्त अनुदान - कृषि, स्वास्थ्य, शिक्षा र पशुको बजेट) | ८६२७४ | | | ८६२७४ |

आज्ञाले
नवराज पराजुली
प्रमुख प्रशासकीय अधिकृत